# पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लाकुरीभञ्ज्याङ, नुवाकोट
वागमती प्रदेश

प.स.२०७९/०८०
च.न.

मितिः २०७९/११/३०

**व्यावसायिक कागती खेती विस्तार कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना !!!**

**पहिलो पटक प्रकाशित मिति : २०७९/११/३०**

यस गाँउपालिकाको आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **व्यावसायिक कागती खेती बिस्तार कार्यक्रम** संचालन गर्न परेको हुँदा इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषकहरुले यो सुचना जारी भएको मितिले १५ दिन भित्र तपशीलमा उल्लेखित कागजातहरु सहित पञ्चकन्या गाँउपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स | कार्यक्रम | अनुदान सीमा | कैफियत |
|---|---|---|---|
| १ | नयाँ कागती बगैचा (क्षेत्रफल बिस्तार कार्यक्रम) | ५०% (पचास प्रतिशत) | कम्तिमा २ रोपनी क्षेत्रफल हुनुपर्ने, |
| २ | पुरानो कागती बगैचा व्यवस्थापन संचालन कार्यक्रम | ५०% (पचास प्रतिशत) | एक कलष्टरमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनुपर्ने ( एक कलष्टरमा कृषक संख्या एकभन्दा बढी हुन सक्ने) |

**आवश्यक कागजातहरुः**

- रु १० को टिकट टाँस गरेको कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमीको नाम, ठेगना, सम्पर्क नं र कार्यक्रम सञ्चालन हुने क्षेत्रफल खुलेको निवेदन ।
- कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमीको दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्र र पछिल्लो आ.व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि ।
- न्यूनतम क्षेत्रफल बराबरको जग्गाधनीको प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा २० बर्षको करार सम्झौता ।
- नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि (कृषक समुह/कृषि सहकारीको हकमा पधाधिकारीको मात्र)
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

२०७९/११/३०

राममणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत